# "कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार : समृद्ध भागेश्वर गाउँपालिकाको आधार"

## भागेश्वर गाउँपालिका अध्यक्ष श्री हेमराज चटौतज्यूले मिति २०८० आषाढ ७ गतेका दिन गाउँसभामा पेश गरेको

## आर्थिक वर्ष ०८०/०८१ को

## नीति तथा कार्यक्रम

**भागेश्वर गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय,**
**बगरकोट, डडेल्धुरा**
**सुदुरपश्चिम प्रदेश नेपाल**

भागेश्वर गाउँपालिका

**यस गरिमामय सभाका सदस्य ज्युहरु ,**
**सम्पूर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरु एवं उपस्थिति महानुभावहरु**

भागेश्वर गाउँपालिकाको १३ औ गाउँसभाको समुद्घाटन कार्यक्रममा सहभागी भागेश्वर गाउँपालिकाका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँसभा सदस्यज्यू, सम्पूर्ण सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिज्यू, सुरक्षा निकायका प्रमुखज्यू, सम्पूर्ण संघसंस्थाका प्रमुख एवं प्रतिनिधिज्यू, कर्मचारी मित्रहरु, समाजसेवी, राजनीतिकर्मी, बुद्धिजीवी, सञ्चारकर्मी मित्रहरु, मेरो व्यक्तिगत तथा गाउँपालिका परिवारको तर्फबाट सम्पूर्णलाई हार्दिक कृतज्ञता सहित स्वागत गर्दछु ।

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक बर्ष २०८०।०८१ को बार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु। बार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनुहुने सम्पूर्ण आमाबुवा दाजुभाई तथा दिदिबहिनी लगायत कर्मचारी साथीहरु पत्रकार मित्रहरु लगायत सम्पूर्णमा हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. ०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द भागेश्वर गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकासमा जोड दिदै विकासका सत्रुको रुपमा रहेको गरिवि पछौटेपन वेरोजगारी अब्यवस्थित सुकुम्वासीको व्यवस्थापन विरुद्ध लड्दै यस गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्न स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्न योजनावद्ध विकासलाइ यस नीति तथा कार्यक्रममा प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले भागेश्वर गाउँपालिकालाई समेत प्रभाव पारेकोछ । जसका कारण संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गइ यस गाउँपालिकाले पाउनु पर्ने वित्तीय हस्तान्तरणमा नकारात्मक असर पुगेको छ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएकोछ । वसाइ सराइका कारण यस गाउँपालिका अन्तर्गत गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेकाछन् । उब्जाउ खेत वारी बाँझो हुन पुगेकोछ । यस सन्दर्भमा युवालाइ पालिका भित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन स्थानीय तहबाट प्रदान गर्ने सेवा सुविधाहरुमा विना भेदभाव सर्वसुलभ रुपमा सेवा प्रवाह गर्न विद्युतीय सुशासन प्रणालीलाइ प्रभावकारी रुपमा अगाडी बढाउनु पर्ने अवस्था छ ।

धार्मिक, पर्यटन, लघु जलविद्युत, जडिवुटीको प्रचुर सम्भावना भएको यो गाउँपालिकाको क्षेत्रफल २३३.३८ वर्ग कि.मि. छ । २०७८ सालको जनगणना अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १३१३२ रहेको छ । यस



अध्यक्ष

गाउँपालिकामा जम्मा घरधुरी संख्या २४६२ रहेका छन् भने २७९४ घरपरिवार रहेका छन् । परिवारको औषत आकार प्रति घरपरिवार ४.७० ब्यक्ति रहेको छ । यस गाउँपालिकाका पर्यटकिय स्थालहरुमा भागेश्वर मन्दिर धुरा, साइल झरना, गर्गक्षेत्र, महादेवक्षेत्र, महाकाली नदी, असिग्राम मन्दिर, जगातीघर, चमेरो गुफा भर्ता, लेकुडाको झरना, अन्तरकुलो, उर्वर भूमि राडिलको सेरो, ऐतिहाँसिक प्रशिद्ध बोगटाकोट, गँगेश्वरधाम, वगरकोटमा रहेको कमलताल, तप्तकुण्ड पासा देवताको पवित्र मन्दिर, घटालथान र लाटाबुङ्गा झरना समेत अन्य तमाम धार्मिक एवं ऐतिहासिक ठाउँहरुमा पनि प्रचुर मात्रामा धार्मिक एतिहासिक तथा पर्यटकिय स्थलहरु रहेका छन ।
उपस्थित महानुभावहरु यस गाउँपालिकाको विकास तथा समृद्धिका लागि हामीसंग देहाय बमोजमका अवसर चुनौतीहरु विद्यमान रहेका छन

अवसरहरु

- संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
- आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
- विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
- गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
- सबै वडामा सडक पूर्वाधारको पहुँच उन्मुख हुनु ।

**विद्यमान चुनौतीहरूः**

- रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
- सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुननसक्नु ।
- घरहरूको निर्माणमा भवनसंहिता पालना तथा नक्सापास गर्न नागरिकको आकर्षण नहुनु ।
- बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
- गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।
- युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
- ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
- बैदेशिक रोजगारीबाट फर्केका सीपयुक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोगगर्नु।
- निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
- सडक लगायतका पूर्वाधारको उपयोग योजना डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
- भिरालो ठाउँ, बाढी पहिरोको प्रकोपले उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।
- अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।
- सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।
- प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगाबालुवा गिट्टी ,) को मापदण्ड अवलम्बन नगरि अत्यधिक दोहन रोक्नु जस्ताकार्य चुनौतीका रुपमा रहेका छन् ।



राज चटौत
अध्यक्ष

भागेश्वर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
देहिमाण्डौ, डडेलधुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**उपस्थिति महानुभावहरु,**

हाम्रा सामु रहेका विकास निर्माणका विभिन्न चुनौति तथा समस्याका बावजुद पनि भागेश्वर गाउँपालिकाले चालु आ.व.२०७९/०८० मा सम्पन्न गरेका केही महत्वपूर्ण योजनाहरुको उपलब्धीको वारेमा तथ्यगत विषय प्रस्तुत गर्न चाहन्छु ।

- यस आ.व.मा २५.८ किमी सडक बाटो निर्माण गर्ने कार्य सम्पन्न भई रुपाल शीर्ष जोगबुडाको सडक संचालनमा ल्याईएको छ जसले भागेश्वरको अधिक भूभाग र छिमेकी जिल्ला बैतडीकोतल्लो क्षेत्रलाई कंचनपुर सम्म आबगमनमा सहजता भएको छ ।
- वडा नं. ५ को वडा कार्यालय भवन निर्माणाधिन अवस्था रहेको छ भने वडा नं. ४ को वडा कार्यालयको तला थप्ने कार्य अन्तिम चरणमा पुगेको छ ।
- क्षमता विकास अभिबृद्धिका लागि बालविकास सहजकर्ता तालिम, कार्यालयका कर्मचारीहरु विद्यालय कर्मचारीलाई राजश्व, लेखा जिन्सी कार्यालय व्यवस्थापन जस्ता क्षमता विकासका कार्यक्रम सम्पन्न गरेको ।
- दलित, महिला तथा विपन्न परिकारका व्यक्तिहरुलाई सार्वजनिक सेवामा प्रवेशको अवसर सृजनाको लागि आवासिय सहितको एक महिने लोक सेवा कक्षा संचालन, ४५ दिने ड्राईभिङ्ग तालिम, ७ दिने युवा उद्यमशिलता तलिम संचालन गरी क्रमश: १८ जना, १० जना र २५ जना लाभान्वित ।
- प्रदेश समपूरक अनुदानबाट  नं. ५ र वडा नं. २ जोड्ने गरी परापूर्वदेखि पैदल मार्गको रुपमा रहेको चाडी लेटि बाटोलाई सडकमा स्तरोन्नती गरी पाँच कि.मि. सडक निर्माण सम्पन्न गरिएको ।
- विभिन्न क्षेत्र समेटी चक्रपथको अवधारण अनुरुप समग्र वडाहरुलाई जोड्ने प्रयास गरिएको ।
- यस गाउँपालिकाको अति दुर्गम दुनालेक वस्ति र वलकाण्डे वस्तिमा सडक सुविधा पुर्याउनुका साथै जनजाती वस्तिमा १३ घर परिवारलाई घर निर्माणमा सहयोग गरिएको ।
- **बहुक्षेत्रीय पोषण कार्यक्रम र उपाध्यक्षको कोशेली कार्यक्रम** मार्फत गा.पा. भित्र रहेका गर्भवती महिला, नवजात शिशु, सुनौला हजार दिनका आमाहरुको पोषणको अवस्थामा सुधार भएको ।
- गर्भवती जाँचका लागि भिडियो एक्सरे घुम्ती शिविर संचालन गरि सर्वसुलभ रुपमा सेवा प्रभाव गरेको,
- पर्यटकीय पूर्वाधारका लागि सायल झरनाको विकासका निमित्त पर्यटकीय पूर्वाधार निर्माण कार्यक्रम संचालन गरिएको ।
- सामाजिक सुरक्षा भत्ता पाउने १४५८ लाभग्राहीहरुलाई बैंकिङ्ग प्रणालीमा आवद्ध गराउने कार्य सम्पन्न भई असक्त अपाङ्ग तथा हिडडुल गर्न नसक्ने व्यक्तिको नजिकको संरक्षकले बैंकबाट बुझ्न सक्ने गरी आवश्यक व्यवस्था मिलाईएको ।
- समुदाय स्तरमा सरसफाई प्रवर्द्धनका क्रियाकलापहरु सक्रियता साथ संचालन गरि व्यक्तिगत, घरायसी तथा वातावरणीय सरसफाईमा विशेष जोड दिइएको ।
- चालु आ.व.मा शिक्षामा गुणस्तर सुधारको लागि गाउँपालिका अध्यक्ष र प्र.अ. बीच ३४ बुदे कार्यसम्पादन सम्झौतामा हस्ताक्षर भएको, विद्यालय व्यवस्थापन समितिहरुलाई शैक्षिक गुणस्तर सुधारका लागि २१ बुदे प्रतिबद्धता पत्रमा हस्ताक्षर भएको, विद्यालयहरुमा हिउँदे बर्षे बिदामा एकरुपता ल्याईएको, शैक्षिक योजना डायरी तथा  होमवर्क डायरी वितरण गरिएको र अभिभावक शिक्षा कार्यक्रम संचालनमा ल्याईएको छ ।

**उपस्थित महानुभाबहरु,**

अब म यस भागेश्वर गाउँपालिकाको आगामि आर्थिक बर्ष २०८०।०८१ का लागि गाउँकार्यपालिकाबाट सिफारिस भईगाउँ सभामा पेशहुन आएको बार्षिक नीति तथा कार्यक्रम पेश गर्न चाहन्छु । गाउँपालिकाको नीति तथा कार्यक्रम तयारीको ढाँचाहरुलाई अनुसरण गरि यस गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न अनुसारका समग्र नीति तथा बिषयहरुलाई आधारको रुपमा लिएको छ ।

प्रेमराज चटौत
अध्यक्ष

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**तपशिल :**

- नेपालको संबिधानमा व्यवस्था भएका नीति, मार्गदर्शक सिद्धान्त, मौलिक हक, अनुसुचि ८ र ९ मा उल्लेखित स्थानिय तहका अधिकार र साझा अधिकारका सुचिका बिषयहरु
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- स्थानीय तहको बजेट तथा योजना तर्जुमा दिग्दर्शन २०७८, (परिमार्जित)
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- संघीय र प्रदेश सरकारबाट जारी भएका नीति, कानून तथा मापदण्डहरु,
- नेपाल सरकारको आ.व.२०८०।०८१ को नीति तथा कार्यक्रम र वजेट वक्तव्य,
- सुदुरपश्चिम प्रदेश सरकार को २०८०।०८१ नीति तथा कार्यक्रम तथा बजेट वक्तव्य,
- भागेश्वर गाउँपालिकाले विगतमा तय गरेका आवधिक तथा दिर्घकालीन नीतिहरु,
- संघीय सरकारद्वारा जारी पन्ध्रौ योजना,
- दीगो विकास लक्ष्य २०३० लगायत नेपाल सरकारद्वारा गरिएका अन्तराष्ट्रिय प्रतिवद्धताहरु,
- भागेश्वर गाउँपालिकाको पञ्चवर्षीय क्षेत्रगत आवधिक योजना,
- गाउँपालिकाले तयार पारेका नीति, कार्यबिधि, निर्देशिकाहरु,
- विषयगत समितिबाट आएका नीतिगत विषयहरु, .
- स्थानीय सरोकारवालाहरुसँगको सुझावहरु

**सदस्य ज्यूहरु,**

स्थानीय सरकार संचालन ऐन २०७४ र स्थानीय तह योजना तर्जुमा दिग्दर्शन २०७८ अनुरुप उल्लेखित योजना तर्जुमाका सात चरण अन्तर्गत भएका व्यवस्था अनुसार अभ्यासमा रहेको र यस बाहेक पनि स्थानीय तहका विभिन्न स्तरबाट बर्तमान समयको आवश्यकता र मागको आधारमा सन्तुलित तथा सहभागितात्मक विकासको अवधारणालाई आत्मसात गरि भागेश्वर गाउँपालिकाले तयार गरेको पञ्चवर्षिय क्षेत्रगत आवधिक योजनालाई समेत मध्यनजर गरि योजना तर्जुमाका लागि वैकल्पिक विधिहरुको समेत प्रयोग गरिएको छ ।बजेट विनियोजन गर्दा वहुवर्षिय आयोजना तथा चालु आर्थिक बर्षका अधुरा योजनाहरुलाई सम्पन गर्न प्राथमिकता दिने, भागेश्वर गाउँपालिका कृषि उपजका सन्दर्भमा बढि सम्भाव्यता बोकेको गाउँपालिका भएकोले कृषि उत्पादन र उत्पादकत्व अभिबृद्धि गरि कृषि उपजको बजारीकरणलाई प्रवर्द्धन गर्दै रोजगारी सृजना गर्ने जस्ता कृयाकलापहरुलाई प्राथमिकताका साथ लिने, बार्षिक कार्यक्रम तय गर्दा स्थानीय कच्चापदार्थ, सीप र प्रविधिको प्रयोग हुने तथा रोजगारी सिर्जना गर्ने तुलनात्मक लाभका क्षेत्रका आधारमा आयोजना छनौटमा प्राथमिता दिने निति लिईनेछ । केन्द्रीय योजना बैङ्क, प्रदेश योजना बैङ्क तथा पालिका योजना बैङ्कमा योजना राख्नका लागि विभिन्न पालिकासंग मिलेर संयुक्त रुपमा समेत ठूला योजना संचालन गर्नका लागि सम्पुरक कोषको व्यवस्थाको नीति लिईनेछ ।

**उपस्थित महानुबहरु**

**अव म यस भागेश्वर गाउँपालिकाको अगामी वर्षमा अवलम्वन गरिने क्षेत्रगत नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष पेश गर्दछु ।**

**१.सामाजिक विकास तर्फ**

**१.१. शिक्षा**

१. शैक्षिक बर्ष २०८० लाई शैक्षिक गुणस्तर सुधार बर्षको रुपमा अगाडी बढाईनेछ ।

२. भागेश्वर गाउँपालिकाले शिक्षाको पहुँचलाई सर्वसुलभ बनाउन हाम्रो शिक्षा प्रणालीलाई व्यापक सुधार गर्दै सबैलाई गुणस्तरीय शिक्षा दिलाउन रट्ने र घोक्ने खालको परम्परालाई निरुत्साहित पार्दै बालविकास देखि माध्यमिक तह सम्म सोध्ने, सोच्ने र सिक्ने शिक्षा परम्परा र अभ्यासलाई प्रोत्साहन गर्दै शिक्षामा सुधार



हेमराज
अध्यक्ष

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

ल्याउने नीति अवलम्वन गरिनेछ। विद्यालय भर्नादरलाई कायम राख्दै विद्यालय छोड्ने दर घटाउदै र रिटेक्सन दर बढाउने नीति तथा कार्यक्रम अवलम्बन गरिनेछ ।

३. यस पालिकामा एउटा उत्कृष्ठताको केन्द्र Center Excellence को रुपमा कम्तिमा एउटा अगुवा विद्यालय **Lead School** स्थापनाका साथै एउटा विद्यालयमा अंग्रेजी माध्यमबाट पठनपाठनको व्यवस्था गरी सोही विद्यालयमा खेल सामग्री सहितको बाल उद्यान स्थापना गरिनेछ ।

४. प्रत्येक वडामा एक व्यवसायीक सिप विद्यालय स्थापनाका लागि पहल गरी सिकेको कुराको प्रदर्शन गर्ने अवसर सृजान गर्न पालिका तहमा सिकाई मेला संचालनको नीति अवलम्बन गरिनेछ ।

५. छात्रालाई विद्यालयमै निशुल्क स्यानिटरी प्याडको व्यवस्था गरिनेछ ।

६. विद्यालयमा आवश्यक न्यूनतम पूर्वाधार पुस्तकालय आईसिटि कक्षा, IT स्रोत शिक्षक, लैङ्गीक मैत्री शौचालय, अपाङ्गमैत्री संरचनाको व्यवस्थापन गर्दै सम्पूर्ण विद्यालयहरुलाई प्रविधि मैत्री बनाई प्रविधि मैत्री शिक्षामा जोड दिईनेछ ।

७. हरेक वडामा कम्तिमा एउटा विद्यालयमा नमूना प्ररम्भिक बालविकास कार्यक्रम संचालन गरिनेछ ।

८. अभिभावक शिक्षक विद्यार्थीलाई शिक्षाप्रति जिम्मेवार बनाउन र अपनत्व ग्रहण गर्न प्रत्येक विद्यालयबाट टोलभेला, मासिक घरदैलो कार्यक्रम गरि अभिभावकको उपस्थिति कम्तिमा ९० प्रतिशत पुगाउने र त्रैमासिक रुपमा सत प्रतिशत उपस्थिति हुने विद्यार्थीका अभिभावक हरुलाई सम्मान गर्ने कार्यक्रमको नीति लिईनेछ । प्रत्येक विद्यालयमा अभिभावक र विद्यार्थीका लागि प्रभावकारी गुनासो संयन्त्रको व्यवस्थ गरिनेछ ।

९. जीवनपर्यन्त सिकाई नीतिलाई प्रोत्साहन गर्दै सार्वजनिक पुस्तकालय तथा सामुदायिक सिकाई केन्द्र स्थापना गरि विषयगत शिक्षकहरुको त्रैमासिक भेला आयोजना गर्दै आफूसंग भएको ज्ञान सिप र अनुभव अन्य शिक्षक संग बाड्ने अवसरको सृजना गरिनेछ ।

१०. विदालयमा दिईदै आएको दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ ।

११. यस पालिकामा स्थायी बसोबास भएका सामुदायिक विद्यालयमा SEE सम्म अध्ययन गरेका विद्यार्थीहरुलाई योग्यता र पारिवारिक अवस्था हेरी १ जना मेडिकल शिक्षा, १ जना प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

१२. दलित विपन्न जनजाती र जेहेन्दार विद्यार्थीलाई समेत छात्रबृतिका लागि भागेश्वर छात्रबृत्ति कार्यक्रमको व्यवस्था गरिनेछ ।

१३. पालिकाको भौगोलिक शैक्षिक ऐतिहासिक धामिर्क पर्यटन तथा कृषि लगायतको क्षेत्र समेट्ने गरि स्थानीय पाठ्यक्रम कार्यान्वयनमा ल्याईनेछ ।

१४. समग्र शिक्षा प्रणालीलाई आर्थिक र सामाजिक रुपमा रुपान्तरण गरी सवै नागरिकलाई सक्षम सवल स्वाभिमानी बनाउन गुणस्तरीय शिक्षाको सुनिश्चितता र प्रविधियुक्त शिक्षामा सवैको पहुँच पुर्याउदै सूचना प्रविधिको तिव्र रुपमा बदलिदो अवस्था र प्रयोगलाई मध्यनजर गर्दै २१ औ. शताब्दीले आत्मसाथ गरेको सिकाई पद्धतिलाई अपनाएर सहकार्यमा आधारित शिक्षा नीति अवलम्बन गरिनेछ ।

१५. विद्यालयमा निरन्तर अनुगमन, सुपरिवेक्षण र अवलोकनबाट विद्यालयको कार्य सम्पादनका आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।

१६. सदाचारका लागि महिनाको १ पटक कुनै एक विद्यालयमा योग शिक्षाकक्षा संचालनको व्यवस्था मिलाईने छ।

१७. शैक्षिक सुधारको लागि Happyness Class, मनासमाजिक परामर्श सेवा संचालन गरिनेछ ।

१८. स्थानीय पाठ्यक्रम विकासमा दलित सवाल, व्यक्तित्व र जातिय भेदभाव विरुद्धका पाठहरु समावेश गर्दै शिक्षक व्यवस्थापनमा दलित शिक्षकलाई प्राथमिकता दिईनेछ ।

हेमराज चन्द
अध्यक्ष

**१.२ कला,संस्कृती,**

१. स्थानीय स्तरमा रहेका धार्मिक पर्यटकिय, ऐतिहासिक,पुरातात्विक र उदियमान गन्तव्यको पहिचान संरक्षण र सम्बर्द्धन गर्दै उक्त क्षेत्रहरुमा सहज पहुँचको व्यवस्था मिलाउन पूर्वाधार विकास, विस्तार र स्तरोन्नती गरि आन्तरिक तथा वाह्य पर्यटकहरु भित्र्याउने नीति लिईनेछ ।

२. मौलिक संकृति बोकेका पुराना मठमन्दिर, धर्मशाला संरक्षण गरिनेछ ।

३. समग्र सुदूरपश्चिम र भारतको उत्तराखण्ड समेतका प्रसिद्ध पर्यटकीय स्थल तथा ठूलो धार्मिक महत्व बोकेका कला र संस्कृतिलाई जोडी सम्वन्धित सरोकारवालाको समेत सहकार्यमा धार्मिक पर्यटन करिडोर निर्माणका लागि पहल गरिनेछ ।

४. स्थानीय जात्रा, पर्व, उत्सव, महोत्सवहरुको बार्षिक क्यालेण्डर बनाई प्रकाशित गर्ने र लोप हुन लागेका फाग, चैत, धुमारी खेल आदिको संरक्षण सम्बर्द्धन गर्दै प्रकाशित गर्ने व्यवस्था मिलाईनेछ ।

५. यस क्षेत्रमा भएका परापूर्वकालदेखिका विशिष्ट सास्कृतिक सम्पदाहरु परम्परागत तथा पुरातात्वीक महत्वका समग्री र कला सिप संग सम्वन्धित सामग्रीहरु संकलन गरी एउटा संग्रालय स्थापनाका लागि पहल गरिनेछ ।

६. यस गाउँपालिका भित्र रहेका सम्पूर्ण धार्मिक र पर्यटकीय स्थलहरुको पहिचान गरि देश विदेशमा समेत प्रसाचर प्रसार गर्न तथा बढि भन्दा बढि पर्यटक संग पुंऱ्याउन सवै क्षेत्र समेटेर डकुमेन्ट्री बनाईनेछ। पर्यटन गुरुयोजना निर्माण गरिनेछ ।

७. डडेल्धुरा जिल्लाको मेरुदण्डको रुपमा रहेको महाभारत पर्वतको संरक्षणका लागि जनचेतना जगाउने कार्यक्रमको शुरुवात गरिनेछ ।

८. कला संस्कृतिलाई संरक्षण गर्न सवै पालिका र सरोकारवाला निकायको सहकार्यमा जिल्लामा कला साहित्य र सास्कृति सम्वन्धी गोष्ठी सेमिनार संचालनका लागि पहल गरिनेछ ।

**१.३. युवा तथा खेलकुद**

१. युवाहरुलाई खेलकुदमा आकर्षित गर्न अध्यक्षसंग युवा कार्यक्रम संचालन गरि खेलकुदको विकास गरिनेछ ।

२. यस पालिकाकामा रहेका विद्यालयहरुमा खेलकुदलाई प्राथमिकता दिने नीति अवलम्वन गरिनेछ ।

३. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।

४. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन बिजनेस" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

५. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ।

६. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

७. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

८. गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरिनेछ ।

पराज चटौत
अध्यक्ष

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...कोट, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**१.४ लैङ्गिक समानता तथा सामाजिक समावेशी करण**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

३. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।

४. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराउँदै सघन रूपमा परिचालन गरिनेछ।

५. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

६. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

७. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

८. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

९. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।

१०. गाउँपालिकालाई बालमैत्री बनाउन विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

**१.५. स्वास्थ्य**

१. प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवामा पहुच पुगाउन गाउँगाउँमा स्वास्थ्य सेवा दक्ष जनशक्ति स्वास्थ्य विमा लगायतका आवश्यकता र अवस्था अनुरुपको जनता केन्द्रीत एकिकृत स्वास्थ्य सेवा प्रदान गर्ने निती अवलम्वन गरिने छ।

२. भागेश्वर गापालाई पूर्ण स्वास्थ्य विमा वर्ष अभियान (अति विपन्न, ६८ वर्ष माथिका जेष्ठ नगरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिलाई निशुल्क स्वास्थ्य विमा) संचालन गरिनेछ।

३. स्थानीय स्वास्थ्य प्रोफाइल निर्माण गरि सबै नीतिमा स्थानीय आवश्यक्ता र प्राथमिकता अनुसार कार्यक्रम अगाढी बढाइने छ।

४. अति दुर्गमका विद्यालयहरु र यस गा.पा.का आठओटै मा.वि.हरुका विद्यार्थीहरुको नियमित स्वास्थ्य परिक्षण गर्न सम्वन्धित वडाको स्वास्थ्य संस्था मार्फत स्वास्थ्यकर्मी परिचालन गरिनेछ।

५. यस गा.पा.मा रहेका आधारभूत स्वास्थ्यकेन्द्रमा ल्याव सेवा संचालनका लागि पहल गरिनेछ।

६. अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।

७. गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधणका कार्यहरु संचालन गरिनेछ।

८. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।

हेमराज चटौत
अध्यक्ष

९. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

१०. No more home delivery कार्यक्रमलाई प्रभावकारी रुपमा आगाडी बढाइने छ ।

११. सुत्केरी महिलाको पोषणमा सुधारमा सहयोग गर्न उपाध्यक्षको कोसेली कार्यक्रमको निरन्तरता दिईनेछ ।

१२. घर घरमा स्वास्थ्य सेवा कार्यक्रम अन्र्तगत उपचार स्किनिड प्रर्वधन परामर्श सेवाका लागि समय समयमा वडा र समुदायमा घुम्ती स्वास्थ्य शिविर संचालन गरिने छ । ६८वर्ष माथिका जेष्ठ नागरिक, गर्भवती महिला, दीर्घरोगी, अपांगता भएका र स्वास्थ्य संस्थाको पहुचमा पुग्न नसकेका व्यक्तिलाई नियमित परिक्षण परामर्श औषधी उपचार सहतिको सेवा उपलब्ध गराइनेछ ।

१३. रुपाल भागेश्वर आयुवेद औषधालयको स्तरोन्ती गर्दै परम्पारागत उपचार पद्धती बाट उपचार गर्न नागरिक आरोग्य कार्यक्रम संचालन गरिने छ र कम्तीमा महिनाको एक पटक घुम्ती योग शिविर संचालन गरिने छ ।

१४. नियमिति स्वास्थ्य परिक्षणका लागि वडा स्तरमा सुविधा सम्पन्न प्रयोगशाला निर्माण गर्ने व्यवस्थाको शुरुवात गरिने छ । पालिका स्तरमा सुविधा सम्पन्न पोषण पुर्नस्थापना केन्द्र संचालन गरिने छ ।

१५. महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई दिइदै अएको खाजाखर्चमा बृद्धि सहित अवकासको बेला सम्मान र अुदानको व्यवस्था गरिने छ ।

१६. घर भित्रको धुवामुक्त गाउ अभियान संचालन गरिने छ ।

**१.६. भुमि व्यवस्थापन**

- भूमिको वहुआयामिक उपयोग, लाई बैज्ञानिक र दिगो बनाउन पालिकाको भू उपयोग नीति निर्माण गरिने छ।
- भूमिहिन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्न लगत संकलन, प्रमाणिकरण, जग्गा नापजाँच र पूर्जा वितरण समेतको कार्य स्थानीय तहबाट गर्न संघ सरकार र प्रदेश सरकार संग समन्वय र सहकार्य गरिने छ ।
- भूमिहिन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन र पुस्तौ देखि व्यवसाय र अन्य प्रयोजनले जनताको स्वामित्वमा रहेको जमिनको नाँपनक्सा गराई लालपूर्जा उपलब्ध गराउन पहल गरिने छ ।

**२.आर्थिक विकास तर्फ**

**२.१ कृषि तथा पशु विकास**

१. समग्र अर्थतन्त्रमा कृषि तथा पशुपंक्षी विकासले महत्वपूर्ण भूमिका खेलेको भएतापनि यस क्षेत्रको उत्थानका लागि आजसम्म हुदै आएका प्रयत्नहरु पर्याप्त नभएका कारण दिनानुदिन ठूलो परिमाणमा आयात बढी रहेको छ । प्राविधिक जनशक्तिको अभाव प्राविधिको न्यून प्रयोग कृषि मुल्य श्रृखलाको सिमित विकास उत्पादन सामग्रीको सिमितता बसाई सराई, जलवायु परिवर्तनका कारण तथा गतिशिल नीति र कार्यक्रमको अभावमा कृषि क्षेत्रमा नागरिकको आकर्षण घटदै गएको यर्थातलाई चिर्दै मूलत किसान कल्याण, खाद्य तथा पोषण सुरक्षा, कृषि उद्योगको विकासमा आयात प्रतिस्थापन, उत्पादकत्व बृद्धि, आत्म निर्भरता, कृषि तथा पुश विकासमा आधुनीकिकरण तथा व्यवसायीककराण भागेश्वर गाउँपालिकाको मार्ग चित्र हो कृषि तथा पशुपालको विकासबाट केही मात्रामा भएपनि बेराजेगारी समस्या समाधान गरि आत्म निर्भर बन्न नेपालको संविधानले स्थानीय सरकारलाई दिएको जिम्मेवारी पुरागर्न प्रतिवद्धताका साथै अगाढी बढने नीति लिइएको छ ।

२. **रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको** लागि विशेष प्रबन्ध मिलाइनेछ। गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराइनेछ।

अध्यक्ष

३. एक गाउ एक उत्पादनको नीति अवलम्वन गरि कृषिमा यान्त्रीकरण आधुनिकिकरण र ब्यवसायीकरण लाई प्राथमिकतामा राखि युवाहरुलाई आर्कषित गरि उत्पादनमा आधारित अनुदान दिने प्रणलीको विकास गरि विभिन्न क्षेत्रमा पकेटक्षेत्र निर्धारण गरि उत्पादकत्वमा बृद्धि गर्न् नीति अवलम्वन गरिने छ ।

४. प्राकृतिक प्रकोप हावाहुरी असिना आदीबाट हुने क्षतिको भरपाई गर्न कृषि तथा पशु विमा कार्यक्रम लागु गर्न प्रत्येक बस्ती र समुदायमा जनचेतनामुलक कार्यक्रम संचालन गर्दै कृषि तथा पशु विमामा अनुदानको व्यवस्था गरिने छ ।

५. किसानहरुको सूचिकरण र बर्गिकरण गरि उत्पादन समुह वा सहकारी मार्फत तरकारी फलफुल लगायत दलहन तेलहन तथा खाद्यान्न वाली उत्पादनमा जोड दिदै उत्पादनमा अनुदानको व्यवस्था एवं उत्पादनको लागि प्रोत्साहनको नीति अवलम्वन गरिने छ ।

६. पालिका स्तरमा कृषि प्रवर्द्धन केन्द्र खोल्न तथा माटो परिक्षण गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

७. पशुपालन ब्यवसायको प्रवर्द्धनका लागि घाँस एवं डालेघारको विउ बेर्ना सेट उत्पादन गर्न समुह सहकारी तथा ब्यक्ति संग सहकार्य गरि घाँसको विउ वेर्नाको श्रोतकेन्द्र स्थापना गरिने छ ।

८. यूवाहरुको आबश्यक्ता र इच्छा अनुसार कृषि ब्यवसाय संचालनका लागि उद्यमशीलता विकास गर्न र कृषिबाट रोजगारी सृजना गर्न ब्यवसायिक योजना तयारीका तालिम संचालन गरिने छ। साथै सहकारीलाई कृषि उत्पादन संग जोडी स्थानिय उत्पादनको प्रसोाधन वितरण साथै शित भण्डार स्थापना तथा विउ भण्डारणमा सहभागी गराई कृषि उत्पादानमा जोड दिइने छ ।

९. उन्नत विउविजन तथा उन्नत नश्लका पशुपक्षिमा ५० प्रतिशत अनुदान सहित बजारीकरणका लागि कृषि एम्वुलेन्सको ब्यवस्था गरिने छ ।

१०. भागेश्वर गाउंपालिकाको सम्भाव्यता भएका कृषि पकेट क्षेत्रहरुमा उत्पादन भएका कृषि उपजहरुलाई सहज रुपले बजारीकरण गर्न कृषि उपज खरिद केन्द्रमा कृषकले उत्पादन गरेका वस्तुहरु वडास्तरीय कृषि संकलन केन्द्र एवं सहकारी /समुहहरुको माध्यमद्धारा खरिद विक्रि गर्ने नीति अवलम्वन गरिनेछ ।

**२.२. सहकारी**

१. सहकारीले अवलम्वन गरेको एक घर एक सहकारी सदस्यको नीतिलाई कार्यान्वयन गरि पालिका भित्र रहेका सहारीहरुलाई प्रभावकारी रुपमा नियमन गर्दै सहकारीहरुको ब्यवसायकिरण प्रविधिमैत्री बनाई कृषिजन्य मल विउ यन्त्र उपकरण आदी सहकारी मार्फत विक्री वितरण गर्ने ब्यवस्थालाई ब्यवस्थित र प्रभावकारी बनाउदै कृषि र पशु सेवाको क्षेत्रमा काम गर्ने सहकारीहरुलाई बहुउदेशिय र बचत तथा ऋण सहकारी संस्थाको रुपमा रुपान्तरणको नीति लिइने छ ।

२. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

३. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

**२.३. पर्यटन तथा खेलकुद :**

१. प्राकृतिक विशिष्टता, सास्कृतिक वैभवता, गौरवपूर्ण ऐतिहासिकता, रुपान्तरण योग्य आध्यात्मिकता, सुन्दर भूबनोटका कारणले यस पालिकामा प्रचुर मात्रामा पर्यटनको सम्भावना हुँदाहुदै पनि अपेक्षित लाभ लिन नसकेको बर्तमान परिस्थितिमा पर्यटनलाई महत्वका साथ अगाडी बढाउने नीति लिईनेछ ।

**३.पूर्वाधार विकास तर्फ**

भौतिक पूर्वाधार विकास निर्माणको मेरुदण्ड भएका कारण भौतिक पूर्वाधारको विकास विना सवै क्षेत्र अपुरो हुन्छ शिक्षा स्वास्थ्य पोषण खानेपानी र फोहरमैला ब्यवस्थापन जस्ता सामाजिक पूर्वाधारको विकास मर्यादित मानवीय जीवनका लागि अनिवार्य हुन्छ भने सडक विद्युत संचार उद्योग कृषि पर्यटन क्षेत्रको विकास भन्नै जरुरी हुन्छ। पालिकाको आर्थिक गतिविधिलाई केन्द्रीय मुलधारमा जोडन तत् अनुसार पूर्वाधार विकासमा जोड दिइने छ ।



हेमराज चटौत
अध्यक्ष

३.१. सडक

१. पालिका भित्रका सडक संजालहरुलाई चुस्त दुरुस्त राख्न यातायात गुरुयोजना निर्मण गरिने छ।
२. सवै वडा सदरमुकाम सम्म बाह्रै महिना सडक संचालन गर्न ब्यवस्था मिलाईने छ।
३. सडक संजाल नपुगेका बस्तिहरुमा यसै आ.व.मा सडक सुविधा पुरयाउने ब्यवस्था मिलाईने छ।
४. सवै वडालाई समेटने गरि पालिका भित्र चक्रपथ लाई प्राथमिकताका साथ अगाढी बढाइने छ। जसले सवै बस्तिहरुलाई वढी भन्दा वढी समेटने प्रयास गरिनेछ।
५. पालिका भित्र निर्माण भएका सडकहरुलाई गुणस्तरीय बनाउने नीति अवलम्वन गरिने छ।
६. पर्यटकीय स्थल जोड्ने सडकहरुलाई प्राथमिकताका साथ अगाढी बढाइने छ।

३.२. विद्युत

१. विद्युतीकरण हुन बाकी रहेका गाउहरुमा विद्युत विस्तार गरिने छ। साथै वडाभित्रका महत्वपूर्ण स्थानमा सडक वतिको ब्यवस्था गरिने छ।

३.४. सूचना तथा संचार

१. सम्पूर्ण पालिका भित्र रहेका कार्यालयहरु र विद्यालयहरुलाई ईन्टरनेटसँग जोडी प्रविधिमैत्री पालिका बनाउन आवश्यक पहल गरिनेछ।
२. फोन नलाग्ने ठाउँमा १२ महिना संचार सुविधा पुर्‍याउन नेपाल टेलिकमसँग समन्वय गरिनेछ।

३.५. सिचाई

१. भौगोलिक परिवेस अनुसार सिचाई हुने सम्भाब्य सवै जमिनमा बा॰ ॰हिना सिचाई हुने गरि कृषिमा विशेष कार्यक्रम संचालन गरिने छ। पालिका भित्र कुनै एकठाउमा नमुनाको रुपमा एउटा लिप्ट सिचाई योजना निर्माण गरिने छ।
२. गाउपालिकाको डिजिटल प्रोफायल बनाइने छ। सौय प्रणाली, थोपा सिंचाई र आकाशेपानी संकलन जस्ता नविनतम प्रविधिको प्रयोग गरि सिंचाई योग्य जमीनमा सिंचाई गर्ने कार्यको प्रारम्भ गरिने छ।

३.६.उर्जा/वैकल्पिक उर्जा कार्यक्रम

१. यस गा.पा. भित्रका मुख्य बजारक्षेत्र एवं धार्मिक स्थलहरुमा सौर्य उर्जा सडक बत्ति जडान गर्ने नीति अवलम्बन गरिनेछ।
२. बन विनास र वातावरण प्रदुषण न्यूनिकरणका लागि आधुनीक चुलो एवं गोवर ग्यास निर्माणमा जोड दिईनेछ

३.७. खानेपानी तथा सरसफाई :

१. एक घर एक धाराको अवधारणा अनुरुप प्रत्येक घरमा खानेपानीको ब्यवस्था गर्दै संचालनमा रहेका योजनाहरुलाई सुद्धढिकरण गर्दै नयाँ खानेपानी योजना संचालन गरिने छ। साथै अनिवार्य रुपमा खानेपानीका मुहानमा बृक्षारोपण गरि पोखरी संरक्षण गरिने छ।

४. वन वातावरण तथा विपद ब्यवस्थापन :

४.१. वन, वातावरण, भू-संरक्षण तथा उद्योग

१. महाभारत बनक्षेत्रलाई डडेल्धुराको मेरुदण्डको रुपमा लिई समग्र महाभारत बनक्षेत्रलाई संरिक्षत क्षेत्र र पमुख पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न सवै पालिका र बन कार्यालय संग समन्वय गरिनेछ।
२. पालिकाभित्र रहेका सामुदायिक बनहरुको संरक्षण सम्बर्द्धन गर्दै बृक्षारोपणलाई प्राथमिकताका साथ अगाडी बढाउन र सामुदायिक बनबाट आयआर्जनका कार्यक्रम संचालन गर्दै सामुदायिक बनहरुसंग सहकार्यमा काम गरिनेछ।
३. बन, बनस्पती, वनपैदावार, जलस्रोत, भूमि, जडिबुटि, बैकल्पिक उर्जा, स्थानीय ज्ञान, सीप, जैविक विविधता संरक्षण, बातावरणीय सेवा, उत्सर्जन न्यूनीकरणका बारेमा स्थानीय तहमा प्राकृतिक श्रोत तथा बातावरण संरक्षण सम्वन्धि आवश्यक ऐन नीति कानून तथा कार्यविधिहरु निर्माण गरि कार्यान्वयन गरिनेछ।
४. नदी तथा खानी जन्य स्रोतको अनियन्त्रित दोहनलाई नियमन र नियन्त्रण गर्दै व्यवस्थित गरिनेछ।



हेमराज चदौंत
अध्यक्ष

५. महाभारत जंगल संरक्षण र जडिबुटि संरक्षणमा जोड दिईनेछ ।

६. साना तथा घरेलु उद्योगहरु स्थापना गर्दै अल्लो प्रशोधन गरि अल्लोको कपडा उत्पादन तथा पहाडी (नेपाली कागज) उत्पादन जोड दिईनेछ ।

**४.२. विपद् व्यवस्थापन :**

१. विगतका घटनाबाट मानविय भौतीक आर्थिक सामाजिक र प्राकृतिक प्रकोपहरुमा भएका क्षति सम्वन्धी तथ्यांक र अन्य प्रभाव सम्वन्धि सूचनाको एकिकरण गरी जोखिम न्यूनिकरण गर्न भौतिक संरचना मेसिन औजार सिप तथा जनचेतना अभिबृद्धि गर्ने कार्यक्रम संचालन गर्दै जोखिम हुन नदिन र क्षति कम भन्दा कम गर्न आय आर्जनको खोजी गर्दै बढी क्षति हुन सक्ने स्थानहरुको पहिचान गरि समयमै पूर्ण जानकारी हुन सक्ने गरि मोवाईल एप, विद्युतिय सूचना र अन्य माध्यमबाट सूचना प्रवाह गर्ने व्यवस्था मिलाईनेछ ।

२. विपद व्यवस्थापन कार्य योजना बनाई पालिकाभित्र रहेका रेडक्रस संघसंस्था समूह क्लवहरुको क्षमता विकास सहित विपद् प्रतिकार्य सम्वन्धी कार्यलाई प्रथमिकताका साथ अगाडी बढाईने छ ।

३. जलवायु अनुकुलन कार्यक्रमलाई प्रोत्साहन गर्दै बातावरण तथा जैविक विविधताको संरक्षण, पहिरो नियन्त्रण भूक्षय नियन्त्रणका लागि आवश्यक अध्ययन गरी आईपर्ने जोखिम न्यूनिकरणका लागि कार्यक्रम लागु गरिनेछ।

**५. संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

**५.१. सेवा प्रवाह र सुशासन**

१. सवै प्रकारका योजना र विकास निर्माणका काममा अनियमितता हुन नदिन कडाईका साथ गुणस्तरीय काम गर्न जोड दिईनेछ ।

२. पलिका, वडा र विषयगत कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई प्रभावकारी बनाउन प्रविधिमैत्री बनाउनका साथै कर्मचारीहरुलाई क्षमता अभिबृद्धि तालिम दिईनेछ ।

३. योजना तर्जुमा प्रकृयालाई बैज्ञानिक बनाउन र तथ्यांकलाई यथार्थपरक बनाउन गाउपालिकाको डिजिटल प्रोफाईल उपयोग गर्दै स्वीकृत स्थानीय तह बस्तुस्थिति विवरण तयार गरिनेछ ।

४. कर्मचारीको आन्तरिक अनुशासन र क्षमता अनुसार जिम्मेवारी दिनुका साथै पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।

५. आर्थिक क्रियाकलापहरुमा आएको सङ्कुचनसँगै स्थानीय तहको आन्तरिक आय, अन्तर सरकारी वित्त हस्तान्तरण, राजश्व बाँडफाँड तथा रोयल्टी रकममा आउनसक्ने कमीलाई ध्यान दिँदै लचकता सहितको उपयुक्त आकारको बजेट तर्जुमा गरिनेछ ।

६. सेवा प्रवाहका लागि आवश्यक पर्ने प्रशासनिक खर्चका लागि बजेट विनियोजन गरि सर्वे क्षेत्रलाई मितव्ययी बनाउन आवश्यक खर्च कटौती गर्ने नीति लिईनेछ ।

७. सामाजिक सुरक्षा भत्ता वडा सदमुकाममा वितरणको व्यवस्थाका लागि बैंकसंग भएको सम्झौता कार्यान्वयन गरिनेछ ।

८. आन्तरिक राजश्वको दायरा बढाईनेछ साथै समयमै सवै प्रकारको कर बुझाउने करदातालाई छुटको व्यवस्था गरिनेछ ।

९. जनप्रतिनिधिहरु, कर्मचारी, कृषकहरुको क्षमता अभिबृद्धिका लागि भौगोलिक, सामाजिक सास्कृतिक पर्यटकिय तथा कृषि संग सम्वन्धित अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

१०. सवै कर्मचारीले अनिवार्य रुपमा समयको पालना पोषाक र परिचयपत्र अनिवार्य रुपमा लगाउनु पर्नेछ ।

११. कार्यचाप र कार्यबोझको विच कार्यासम्पादन गर्ने कर्मचारीको मनोवल उच्च राख्न प्रोत्साहनको व्यवस्था मिलाईनेछ ।

हेमराज च
अध्यक्ष

१२. कानुनहरुको निर्माण संसोधन, संस्थागत स्वमुल्यांकन, घुम्ती सेवा, सदाचार प्रवर्धन र भ्रष्टाचार नियन्त्रण पारदर्शिता र जवाफदेहिता अभिबृद्धि, संगठन तथा व्यवस्थापन अध्ययन, सूचना संजालिकरण,क्षमता विकास संघिय तथा प्रदेश सरकार संगको सहकार्यमा सम्पादन हुने ऐन नियम कार्यविधि र मापदण्डहरु निर्माण गरिनेछ ।

**५.२. न्यायिक समितिः**

१. न्यायीक समितिबाट छिटो छरितो र सर्वसुलभ न्याय सम्पादन कार्यलाई विशेष जोड दिईनेछ ।

२. गाउँपालिकामा समेत मेलमिलापकेन्द्र स्थापना गरी सबै वडाहरुमा गठन गरिएको मेलमिलाप केन्द्र र मेलमिलाप कर्तालाई प्रभावकारी बनाउन आवश्यक व्यवस्था गरिने छ र ग्रामिण तहममा सचेतना कार्यक्रम संचालन गरिने छ ।

३. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकासका लागि तालिम तथा अबलोकन भ्रमणको व्यवस्था गरिने छ ।

## ५.३. विधायन समिति

१. गाउँपालिकालाई आवश्यक पर्ने ऐन, नियम, कार्यविधि, मापदण्ड निर्माण गरिने छ ।

२. गाउँपालिकाबाट पारित भएका ऐन, नियम, कार्यविधिहरुको प्रभावकारी कार्यान्वियनको व्यवस्था मिलाईनेछ ।

## ५.४. स्थानीय अभिलेख व्यवस्थापन

१. गाउँ पार्श्वचित्र (Rural Municipal Profile) तयार गरी स्थानीय अभिलेख व्यवस्थापनमा नविनतम सूचना प्रविधिको उपयोग गरिनेछ ।

२. पालिका भित्र रहेका अपाङ्गता भएका बालश्रमिक सडक बालवालिका, एकल महिला, हिंसापिडित महिला, अल्पसंख्यक द्वन्दपिडितहरुको अभिलेख तयार गरी लक्षित समूह सम्वन्धी योजना कार्यक्रम र श्रोत परिचालन सहित व्यवस्थापनको कार्य संचालन गरिनेछ ।

३. चालु योजनाको विवरण सहित यस्ता योजनाको सम्पत्ति अध्यावधिक गरी अभिलेख राखिनेछ ।

४. पालिका स्तरमा श्रम बैंक स्थापना गरि रोजगारी सृजना गरिनेछ ।

**५.५. सामाजिक न्याय र समावेशिता :**

१. नेपालको संविधान २०७२ ले परिकल्पना गरे अनुसार महिला, दलित, बालवालिका, एकल महिला, अल्पसंख्यक, अपाङ्गता भएका जनजाती, जेष्ठ नागरिकहरुको हक अधिकारलाई सूनिश्चित गर्नका लागि भागेश्वर गाउँपालिका संकल्परत छ ।

**५.६. दलित समूदाय :**

१. न्यून आय भएका दलित समुदायका विद्यार्थीहरुको लागि छात्रबृत्ति र उक्त समुदायका विपन्न व्यक्तिहरुकाकालगि उपचारमा सहुलियत दिईनेछ ।

२. अति विपन्न दलित समूदायका व्यक्तिहरुका लागि निशुल्क स्वास्थ्य विमा दिईनेछ ।

३. रोजगारीमा प्राथमिकता दिदै, परम्परागत सिपको संरक्षण र प्रबर्द्धन गर्दै रोजगारी सृजना हुने गरि तालिमको संचालन गरिनेछ ।

**५.७. महिला तथा बालबालिका :**

१. महिला हिंसामुक्त स्थानीय तह बनाउने गरि ठोस योजनाका साथ कार्यक्रम गरिनेछ ।

२. "समान कामको समान ज्याला" सुनिश्चित गरि उत्पादनशील क्षेत्रमा महिला सहभागीता तथा उद्यमशिलता अभिबृद्धि गरि सबै तहमा महिलाको अर्थपूर्ण सहभागिता सूनिश्चित गरिनेछ ।

३. बालबालिकाको संरक्षण र सामाजिक सुरक्षाको व्यवस्था गर्दै पालिका स्तरमा बालबालिका संरक्षण कोष स्थापना गरिनेछ ।

४. पालिका तहमा बाल प्रतिभा प्रोत्साहन पुरस्कार स्थापना गरिनेछ ।

**५.८. अपाङ्गता भएका व्यक्ति :**

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

१. अपाङ्गता भएका व्यक्तिको स्वभाव र प्रकृति अनुसार उद्यमी बनाउन कम्प्युटर, उद्यमशिलता, वित्तिय साक्षरता लगायतका तालिम निशुल्क रुपमा प्रदान गरिनेछ ।

२. अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक पर्ने सहायक सामग्री तथा उपकरण स्थानीय तहमै निशुल्क रुपमा उपलब्ध गराई उनीहरुका छोराछोरीहरुलाई छात्रबृत्ति र निशुल्क शिक्षाको व्यवस्था गर्दै सवै प्रकारको अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षाको दायारमा ल्याई अति असक्तहरुको निशुल्क स्वास्थ्य विमा गरिनेछ र विशेष सहुलियत प्रदान गरिनेछ ।

**५.९.प्रधानमन्त्री रोजगार कार्यक्रम**

१. प्रधानमन्त्री रोजगार कार्यक्रम लाई अझै परिणाममुखि र पारदर्शी बनाईने छ ।

**५.१०. अनुगमन तथा मुल्याङ्कन**

१. पालिका भित्र संचालित सम्पूर्ण योजनाहरुको अनुगमन मुल्याङ्कनलाई प्रभावकारी बनाउन आवश्यक व्यवस्थापन गर्दै उपभोक्ता र सरोकारवालालाई जिम्मेवार बनाउन आवश्यक पहल गरिनेछ ।

**५.११.बजेट तथा राजश्व परिचालन**

१. राजश्व संकलनका लागि राजश्व शाखा तथा वडाकार्यालयलाई प्रविधिमैत्री बनाइ राजश्व प्रकृयालाई परिचालन न्यायोचित तथा मितव्ययी बनाईनेछ ।

२. आन्तरिक आयको प्रक्षेपण गरी थप राजश्वका श्रोतहरुको पहिचान गर्दै आन्तरिक आयबृद्धिका लागि करका दरहरुको दायरा बृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।

**५.१२. अन्य**

१. एन.डी. प्रकाश पत्रकारिता पुरस्कार स्थापना गरिनेछ र उहाँको नाममा पालिका स्तरमा संग्राहालय स्थापनाका लागि पहल गरिनेछ ।

२. बागबजार-बगरकोट-बोगटा-गर्गक्षेत्र सडकको नाम एन.डी. प्रकाश मार्ग नामाकरणको लागि गाउँसभामा प्रस्ताव पेश गरिनेछ ।

३. गाउँपालिकाको विशेष अधिवेशन वोलाई गाउँपालिकाको केन्द्रको टुङ्गो लगाउन आवश्यक व्यवस्था मिलाईनेछ।

**सभाका सदस्य ज्यू हरु तथा उपस्थित महानभाव हरु,**

अन्त्यमा, भागेश्वर गाउँपालिकाको उल्लेखित नीति कार्यक्रमको परिधिभित्र रही आगामी आर्थिक वर्ष **२०८०।०८१** को लागि सीमित स्रोत र साधनका बाबजुद भागेश्वर गाउपालिका सरकारले अधिकतम प्रतिफल हासिल हुने गरी बजेट तथा कार्यक्रम पेश गर्ने व्यहोरा यस कार्यक्रममा जानकारी गराउँदछु ।

भागेश्वर गाउंपालिकाको आ.व. **२०८०।०८१ को** नीति तथा कार्यक्रम तर्जुमा गर्ने चरणमा सहयोग पुऱ्याउनुहुने उपाध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकिय अधिकृत लगायत सम्पूर्ण कर्मचारी मित्रहरु, स्थानीय बृद्धिजीवि, विज्ञ समुदाय, सञ्चार जगत, नागरिक समाज, निजी क्षेत्र, गैरसरकारी संघसंस्थाहरु र भागेश्वर गा.पा.का आम नागरिकहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । यस भागेश्वर गाउँपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयनको चरणमा सम्वद्ध सबै पक्षवाट सकारात्मक सहयोगको अपेक्षा लिएको छु ।

धन्यवाद ।

हेमराज चटौत
**हेमराज चटौत**
**अध्यक्ष**
**भागेश्वर गाउँपालिका, बगरकोट, डडेल्धुरा**

**हेमराज च**
**अध्यक्ष**